नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ती

आज मिति २०८१/९/२९ सोमवारका दिन भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले एक समारोह आयोजना गरी उक्त समारोहमा भूमि समस्या समाधान आयोगको जिल्ला समितिका नवनियुक्त अध्यक्षहरूलाई समारोहका प्रमुख अतिथि एवम् माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री बलराम अधिकारीज्यूबाट पद तथा गोपनियताको शपथ ग्रहण गराउने कार्य सम्पन्न भयो ।

उक्त समारोहमा आफ्नो निर्देशन सहितको मन्तब्य राख्नुहुँदै माननीय मन्त्री श्री बलराम अधिकारीज्यूले भूमि समस्या समाधान आयोग विगतका आयोगहरू भन्दा अधिकार सम्पन्न रहेकोले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरूको समस्या सधैंका लागि समाधान हुने विश्वास व्यक्त गर्नुभयो। यस आयोगको प्रमुख उद्देश्य भनेको सरकारको चाहना र राष्ट्रको आवश्यकता सम्बोधन गर्ने रहेकोले सबै पदाधिकारीहरुले आफ्नो जिम्मेवारी बोध गरी प्रभावकारी ढंगले कार्यसम्पादनमा खटिन निर्देशन दिनुभयो । मन्तव्यका क्रममा माननीय मन्त्रीज्यूले विगतमा देखापरेका कानूनी व्यवधानहरूलाई फुकाउँदै जाने गरी काम भैरहेको एवम् विगतका आयोगका अधुरा कार्यहरुलाई निरन्तरता दिने यस आयोगको कार्यक्षेत्र रहेको लगायतका विषयमा जानकारी गराउनु हुँदै कानूनी प्रावधान र जिम्मेवारीबाट कोही विचलित भएमा कारवाही हुनेतर्फ समेत सचेत गराउनु भयो ।

शपथ ग्रहण समारोहमा बोल्नुहुँदै भूमि समस्या समाधान आयोगका अध्यक्ष श्री हरिप्रसाद रिजालले आयोगका काम कारवाहीहरूलाई प्रभावकारी तुल्याउन आयोगबाट कार्ययोजना तयार भएको एवम् कार्यसम्पादनको प्रभावकारी अनुगमन गर्न आयोगका सदस्यहरुलाई प्रदेशगत जिम्मेवारी दिइएको जानकारी दिनुहुँदै सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

समारोहमा आमन्त्रित राष्ट्रिय भूमि आयोगका पूर्वअध्यक्ष श्री केशव निरौलाले आफ्नो शुभकामना मन्तव्यका क्रममा यो आयोग भूमिहीन दलित, भूमिहीन सुकुम्बासी एवम् अव्यवस्थित बसोवासीहरूको समस्या साधान गर्न सफल रहोस भनी शुभकामना व्यक्त गर्नु भयो ।

शपथ ग्रहण समारोहका सभाध्यक्ष एवम् मन्त्रालयका सचिव श्रीमान् अर्जुनप्रसाद पोखरेलले समारोहको समापन गर्नुहुँदै आयोगको उद्देश्यप्राप्तिमा मन्त्रालयले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यस आयोगको प्रमुख उद्देश्य भनेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको समस्या सधैंका लागि समाधान गर्ने रहेको र आयोगका पदाधिकारीहरूलाई उक्त कार्य सम्पन्न गरी इतिहास रच्ने अवस्था रहेको बिचार व्यक्त गर्नुहँदै सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

शपथ ग्रहण कार्यक्रमअघि भूमि समस्या समाधान आयोगको गठन एवम् मन्त्रालयबाट सम्पादन भए गरेका महत्वपूर्ण कार्यहरुका बारेमा जानकारी दिने उद्देश्यले पत्रकार भेटघाट कार्यक्रम समेत आयोजना गरिएको थियो ।उक्त कार्यक्रममा माननीय मन्त्रीज्यूले मन्त्रालयबाट सम्पादन भए गरेका महत्वपूर्ण कार्यहरुको बारेमा जानकारी गराउने क्रममा भूमि समस्या समाधान आयोगको गठनबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुको समस्या सधैंका लागि समाधान गर्न सफल हुने विश्वास व्यक्त गर्नुहुँदै अत्यन्तै जनचासोको रूपमा रहेको सहकारी क्षेत्रको समस्या समाधानका लागि मन्त्रालयबाट थालिएका नवीनतम प्रयासहरुको बारेमा जानकारी गराउनु भयो । यस क्रममा पत्रकारहरुबाट उठाइएको जिज्ञासाहरु समेतको सम्वोधन गर्नु भयो ।

(गणेशप्रसाद भट्ट)
सहसचिव । प्रवक्ता

बि.सं. २०८१ साल पौष २९ गते सोमबार
नेपाल सम्वत् ११४५ पोहेलाथ्व, पूर्णिमा